**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# नेपाली विज्ञानकथासङ्ग्रहका कथामा विज्ञानप्रविधिपरक चेतना

**ज्ञानु अधिकारी**
*नेपाली विभाग, पद्मकन्या क्याम्पस (त्रिवि), काठमाडौँ*

***Article History :*** *Submitted : 20th Nov. 2024; Reviewed : 15th Jan. 2025; Revised : 7th Feb. 2025.*
***Corresponding Author :*** *Gyanu Adhikari* ***E-mail :*** *shabdaga@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v3i01.76243*

**सारसङ्क्षेप**

*प्रस्तुत आलेखमा सुनील पोखरेलद्वारा सम्पादित 'नेपाली विज्ञानकथासङ्ग्रह' कृतिमा समाविष्ट कथाहरूलाई पाठका रूपमा लिई ती कथामा प्रयुक्त विज्ञान र प्रविधिका विभिन्न पक्षहरूको विश्लेषण गरेर कथामा प्रयुक्त वैचारिकताको निरूपण गरिएको छ र यो आलेख साहित्यविषयक भएकाले गुणात्मक प्रकृतिको रहेको छ। पुस्तकालयबाट सामग्रीसङ्कलन गरी 'नेपाली विज्ञानकथासङ्ग्रह' भित्रका विभिन्न कथाकारका एक्काइस कथाहरूमध्ये सोद्देश्य नमुनाछनोट विधिद्वारा चयनित कथामा यन्त्रमानवको प्रयोग र मानवको यान्त्रीकरणको अभिव्यक्ति सघनरूपमा आएका कथालाई यिनै पक्षहरूमा केन्द्रित भएर विश्लेषण र मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य हो । यसमा कथाविश्लेषणका लागि विज्ञानपरक अध्ययनका आधारभूत मान्यताहरूलाई अवधारणात्मक ढाँचाका रूपमा अवलम्बन गरिएको छ र पाठगत तथ्याङ्क सङ्कलन गरी कथाको सघन विश्लेषण गरिएको छ । त्यसका निम्ति आवश्यक पर्ने पर्याधारका रूपमा मानिसले बनाएको यन्त्रमानवको प्रयोग र यन्त्रमानव बन्दैगइरहेको आजको मानिसलाई मूल विषय बनाइएको छ र यी कुराहरू पाठमा केकसरी अभिव्यञ्जित भएका छन् भन्ने कुरा कथांशहरूका साक्ष्यहरूद्वारा स्पष्ट पारिएको छ। विज्ञानप्रविधिको प्रयोगबाट मान्छेले यन्त्रमानवको आविष्कार गरेर मानवीय सुखसुविधालाई जसरी बढाउँदै लगे पनि ऊ स्वयम् नै यन्त्रमानवजस्तै हुँदै गइरहेको यथार्थलाई यस सङ्ग्रहका विज्ञानकथाले प्रस्तुत गरेका छन् । यी कथाहरूमा पनिमान्छेले बनाएको यन्त्रमानवको उपस्थिति र यन्त्रमानवजस्तै मान्छे स्वयम् पनि यन्त्रमा पविर्तित हुँदैगएको स्थितिलाई देखाइएको छ । प्रस्तुत सङ्ग्रहका कथामा आएकायिनै सन्दर्भमा केन्द्रित भएर 'नेपाली विज्ञानकथासङ्ग्रह' का कथाहरूको विश्लेषण गरिएको छ । यसरी यस आलेखमा विद्युतीय शक्तिबाट चल्ने यन्त्रहरूले नै आजका मान्छेको जीवनशैली परिवर्तन गरेका छन् र यन्त्रबाट नै उनीहरू परिचालित बनेका कारण मान्छेमा संवेदना मर्दैगइरहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**: अन्तर्ग्रहीय अवस्था, स्वैरकल्पना, संज्ञानात्मक तार्किकता, यन्त्रमानव, युटोपिया।

**विषयपरिचय**

विज्ञानप्रविधिलाई विषयवस्तु बनाएर लेखिएका, यन्त्र र मानवका बिचका अन्तर्सम्बन्ध वा कार्यव्यापारलाई आख्यानीकरण गरेर लेखिएका कथा विज्ञानकथा हुन्। नेपाली साहित्यमा नवचेतनावादी धारासँगै नेपाली कथामा बहुलवादी प्रवृत्ति र अन्तर्विषयकता देखिन थालेपछि विज्ञानकथा लेख्ने परम्पराको प्रारम्भ भएको पाइन्छ। प्रस्तुत अध्ययनको विषय सुनील पोखरेलद्वारा सम्पादित नेपाली आधुनिक कथाकारहरूका विज्ञानकथाको सामूहिक सङ्कलनका रूपमा रहेको*नेपाली विज्ञानकथासङ्ग्रह* (२०६७) का कथाहरूको विज्ञानपरक अध्ययन हो । यस कथासङ्ग्रहमा पुरानो पुस्ताका शङ्कर लामिछानेको २०११ सालमा लेखिएको 'ऊ कसको हो ?' कथादेखि नयाँपुस्ताका कथाकार रमेश खनालको 'रोबोटको मानवीय अस्तित्व' शीर्षकको कथासम्मका गरी एक्काइसओटा विज्ञानविषयक कथाहरू सङ्गृहीत छन् । यी कथाहरूमध्ये

*Copyright 2025© the Author(s)*

विषयसँग सम्बद्ध केही कथाहरूलाई मात्र यहाँ साक्ष्यसहित व्याख्या गरिएको छ । आजका विज्ञानकथामा यन्त्रमानवको प्रयोगलाई कसरी चित्रण गरिएको छ ? आजको मान्छे कसरी यन्त्रमानव बन्दैगएको छ ? भन्ने जिज्ञासामा केन्द्रित रहेर तयार पारिएको यस लेखमा विज्ञानप्रविधिको व्यापक प्रयोगले मानवीय समाज तथा मानिसमा पारेका सकारात्मक र नकारात्मक प्रभावहरूलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । सुनिल पोखरेलद्वारा सम्पादित प्रस्तुत कथासङ्ग्रहको यसअघि विज्ञानपरक अध्ययन नगरिएकाले पनि यस कृतिको अध्ययन तथा विश्लेषण गर्नु उपयुक्त देखिएकाले यहाँ चयन गरिएको हो । यस कृतिभित्रका सबै कथाहरूको समग्र विश्लेषण नगरी यन्त्रमानवको प्रयोग र यसले मान्छेको जीवनशैलीमा पारेको प्रभावसँग सम्बद्ध कथाहरूलाई मात्र यहाँ चयन गरिको छ । पछिल्लो समय नेपाली साहित्यमा विज्ञानकथा लेख्ने क्रम बढ्दै गए पनि यस्ता कथाहरूको विज्ञानपरक अध्ययन भने खासै नभएकाले यहाँ यस विषयलाई अध्ययनीय मानेर चयन गरिएको छ । यस सङ्ग्रहका कथाहरूमा प्रयुक्त विज्ञानप्रविधिका विविध प्रयोग र पक्षहरूमा केन्द्रित रहेर विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ ।

**अध्ययनविधि**

प्रस्तुत अनुसन्धानमा निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन गरिएको छ । यसक्रममा सुनील पोखरेलद्वारा सम्पादित *नेपाली विज्ञानकथासङ्ग्रह* कथासङ्ग्रहमा प्रयुक्त विज्ञानप्रविधि र त्यसअन्तर्गतका यन्त्रमानवको प्रयोग र यन्त्र बन्दै गएको मानव आदिका सूचक कथाहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी तथ्याङ्कहरूको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरिएको छ । सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी अध्ययनको सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका कृतिहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवैप्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी *नेपाली विज्ञानकथासङ्ग्रह* कथासङ्ग्रहमा अन्तर्निहित विज्ञानसम्बद्ध विभिन्न पक्षहरूको निरूपण गर्न विश्लेषणको एउटा अवधारणात्मक आधार निर्माण गरिएको छ । अवधारणात्मक ढाँचा तयार पार्ने क्रममा कथाहरूमा अभिव्यञ्जित विज्ञानसाहित्यका सैद्धान्तिक अवधारणाका आधारमा पाठविश्लेषण तथा विषयविश्लेषण विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

अन्तर्विषयकताका कोणबाट हेर्दा कथामा विज्ञान विषय अन्तर्भूत भयो भने त्यस्ता कथा विज्ञानविषयक हुन्छन् । विज्ञानकथा भन्नाले संज्ञान र सम्भावनाका बिच गहन अन्तर्क्रिया रहेको तथा लेखकीय अनुभवजन्य वातावरणभन्दा परका वैकल्पिक काल्पनिक युक्तिहरूको प्रयोग भएको साहित्यिक आख्यान भन्ने बुझिन्छ (सुभिन, सन् १९७९, पृ. ७) । विज्ञानकथामा विज्ञान-स्वैरकल्पनाको प्रशस्त प्रयोग गरिएको भए पनि यसको मूल धरातल भने स्थापित विज्ञान र वैज्ञानिक मान्यताहरू नै हुन् । यसले मानवसभ्यता र मानवीय जीवनशैलीमा पार्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव नै मुख्यरूपमा विज्ञानकथामा कथानक बनेर आएका हुन्छन् । विज्ञानकथाले विज्ञानका आविष्कार, विकास, वातावरणीय परिवर्तन, अन्तरीक्ष यात्रा, मानवेतर बौद्धिक जीव, अन्तग्रहीय अवस्था आदिलाई कथानक र पृष्ठभूमि बनाएर मानवीय सरोकारलाई अभिव्यक्ति दिन्छ (एटम, २०७०, पृ. २१) । त्यसकारण विज्ञानकथामा विज्ञानप्रविधिलाई मूलविषय बनाइएको हुन्छ र यन्त्रमानवका कार्यव्यापारको चित्रण गरिएको हुन्छ । खास गरेर मानवीय संवेदना र अनुभूतिका विपरीत यान्त्रिक परिवेशलाई आधार बनाउनु विज्ञानकथाको अभिलक्षण हो । विज्ञानका शाखा-उपशाखाहरू अत्यन्त धेरै छन् । मूलशाखाका रूपमा भौतिक शास्त्र, रसायनशास्त्र, प्राणीशास्त्र, वनस्पतिशास्त्र, कम्प्युटरविज्ञान, सूचनाप्रविधि आदि रहेका छन् (पौडेल र गौतम, २०६०, पृ. ग) । यी शाखा र तिनका उपशाखाहरूबाट कथाकारले विषय ग्रहण गरेका हुन्छन् । विज्ञानकथाको उद्देश्य कथामा वैज्ञानिक दृष्टिले यथार्थपरक संसारको सृजना गर्नु हुन्छ । स्थापित र सम्भाव्य वैज्ञानिक आधारभित्रका तथ्यहरूको गणनाबाट समाधानमा पुगिने हुँदा यस्ता

अनेकौँ कथाका आविष्कार र भविष्यवाणी पछि सही सिद्ध भएका छन् । ...विज्ञानका विषयवस्तुमा विज्ञानप्रविधि सम्बद्ध आश्चर्यजनक चेतना, प्रगतिमुखी प्रकृतिप्रतिको अन्वेषणपरक शोधखोज, अज्ञातका बारेमा अनुमानको उद्देश्यमूलक प्रयोजन आदि पर्छन् (चालिसे, २०७१, पृ. घ) । वास्तवमा विज्ञानकथाका घटनाहरू, पात्रहरू, तिनका क्रियाकलापहरू, परिवेश, भाषा आदि सबै परिकल्पित हुनेहुनाले यसलाई यथार्थवादी साहित्य भन्न सकिँदैन । यसमा जीवनजगत् र सांसारिक दृष्टिकोण भने यथार्थसम्मत हुन्छ (एटम, २०७९, पृ. ५) । यसर्थ यथार्थवादी साहित्य र विज्ञानसाहित्यमा भिन्नता छ। विज्ञानले आविष्कार गरेका, पत्ता लगाएका विभिन्न विषय र सन्दर्भलाई प्रयोग गरी लेखिएको साहित्यले विज्ञानपरक अन्तर्विषयकताको सृजना गर्दछ (अधिकारी, २०७६, पृ. ९३) । साहित्यमा यस्तो विज्ञानपरक अन्तर्विषयकताको प्रयोग गर्न लेखक त्यस विषयको राम्रो जानकार हुनु अनिवार्य हुन्छ ।

विज्ञान र साहित्य दुवै मानवीय ज्ञानका विशिष्ट क्षेत्र हुन् र यी दुवैले मानवजीवन र मानव इतिहाससँग सम्बद्ध सांस्कृतिक क्षेत्रको निर्माण गर्दछन् । मूलतः विज्ञानकथामा विज्ञानका आविष्कारहरू, यसले पारेका प्रभाव र यसले उठाएका प्रश्नहरूमाथि नै केन्द्रित रहेर नै कथानक बुनिएको हुन्छ । मानवजगत्मा प्रयुक्त विज्ञानको खोज र त्यसको परिणामले जेजस्तो अवस्था र स्थिति प्रदर्शन गरेका छन् तिनै सम्भावित दुनियाँको रूपरेखा अर्थात् चित्रलाई विज्ञानकथाले पाठकसामु राखिदिन्छन् (सरुभक्त, २०४७, पृ. क) । विज्ञानले उठाएका मुद्दा, प्रश्न र उत्तरहरूलाई नै साहित्यले आलोचनात्मक रूपमा प्रस्तुत गर्छ र यस्ता विषयमा विमर्श गर्ने, विज्ञानलाई सामाजिक नैतिकतासँग जोड्ने र आख्यानका रूपमा दीर्घ कालसम्म जीवित पनि राख्छ (लेभिन, सन् १९८८, पृ. ४) । प्रस्तुत सङ्ग्रहका कथाहरूमा पनि विज्ञानद्वारा आविष्कार गरिएका यन्त्रमानव र यसको प्रभाव तथा यन्त्रमानवजस्तै हुन पुगेका आजका मान्छेको यथार्थलाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएकाले लेभिनले प्रस्तुत गरेका यिनै अवधारणालाई आधार बनाएर यहाँ चयनित कथाहरूको अध्ययन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । विज्ञानकथा पाश्चात्य साहित्यमा प्रचलित क्अष्भलअभ ँष्अतष्यल को नेपाली रूपान्तर हो । विज्ञानका विषयहरूलाई आख्यानका माध्यमबाट साहित्यमा प्रस्तुत गरेपछि नै साइन्स फिक्सनको परम्परा सुरु भएको हो र उन्नाइसौँ शताब्दीको मध्यतिरबाट साइन्स फिक्सनको चर्चा हुन थालेको हो । साइन्स फिक्सन शब्दलाई प्रयोग गरेर यसबारे सबैभन्दा पहिले लेख्ने विद्वान् विलियम विल्सन हुन् । उनले सन् १९५१ मा प्रकाशित *अ लिटल अर्नेस्ट बुक अप अन ग्रेट ओल्ड सब्जेक्ट* मा साइन्स फिक्सनलाई अर्थ्याउँदै परिभाषासमेत दिएका छन् (एटम, २०७९, पृ.४) । नेपाली साहित्यमा भने विज्ञानकथा लेखनको आरम्भ २०१० को दशकबाट भएको हो र विज्ञानकथा लेख्ने पहिलो कथाकारको श्रेय शङ्कर लामिछानेलाई जान्छ । विज्ञान र प्रविधिको विकासमा आधारित वैज्ञानिक अन्तर्दष्टियुक्त कथा नै विज्ञानकथा हो । जसमा मानवीय भविष्यको काल्पनिक जीवनका बारेमा उल्लेख गरिएको हुन्छ (पोखरेल, २०६७, पृ. ५) । यसरी पृथक्पृथक विषय क्षेत्रमा फैलिरहेका यी दुई विषय साहित्यमा आएर जोडिएपछि यिनले नयाँ विषय वा यथार्थलाई उजागर गर्छन् । विज्ञानको विषय र साहित्यको कला वा शिल्प मिसाएर नै विज्ञानकथाको सृजना हुन्छ ।

## विमर्श र परिणाम

*नेपाली विज्ञानकथासङ्ग्रह* नेपाली साहित्यका विज्ञान-कथाकारहरूको सामूहिक सङ्ग्रह हो । आधुनिक नेपाली कथाविधामा स्थापित शङ्कर लामिछाने, विजय मल्ल, कविताराम श्रेष्ठ, सरुभक्त, रमेश विकल, विजय चालिसे, अमोददेव भट्टराई, मदनमणि दीक्षित, गोविन्दप्रसाद कुसुम, महेशविक्रम शाह, गोरखबहादुर सिंह, इन्दिरा प्रसाईँ, ओम रिजाल र रमेश खनालजस्ता चौधजना कथाकारहरूका एक्काइस ओटा विज्ञानकथा यस कृतिमा समावेश छन् । यी कथाकारहरूका कथामध्ये र विज्ञानप्रविधिका दृष्टिले बढी सबल केही कथाहरूलाई यहाँ अध्ययन तथा विश्लेषणका लागि चयन गरिएको छ । विज्ञानप्रविधिको विकाससँगै परिवर्तन भएको मानवीय जीवनशैली र विज्ञानप्रविधिका विविध सन्दर्भहरूलाई विषय बनाएर

लेखिन थालिएपछि नै विज्ञानसाहित्यको प्रारम्भ भएको हो । विज्ञान र कथा दुई शब्दको समासबाट बनेको विज्ञानकथा शब्दले विज्ञान र प्रविधिको विकास र यसका सन्दर्भहरूलाई विषय बनाएर लेखिएका कथा भन्ने बुझिन्छ । प्रविधिसंस्कृतिबाट नै आज संसार एउटै भई साँघुरिएको तथा संसार विश्वग्राम बनेको र यन्त्रमानवले कार्य सम्पन्न गरेको कुरा आजको साहित्यमा पाइन्छ (गौतम, २०६६, पृ.४६४) ।  विज्ञानको खोज र त्यसको परिणामले यी कथाहरूमा विज्ञानको प्रगतिले मानवसमाजमा पारेको प्रभाव र परिवर्तनलाई मूलरूपमा दुईप्रकारबाट देखाइएको छ । पहिलो मान्छेले बनाएको यन्त्र जसले मान्छेको निर्देशनमा मान्छेकै सुविधाका लागि काम गर्छ र अर्को मान्छे स्वयम् यन्त्रमा पविर्तित हुँदैगएको मान्छे छ । यिनै सन्दर्भमा केन्द्रित भएर *नेपाली विज्ञान-कथासङ्ग्रह*का कथाहरूको विश्लेषण गरिन्छ ।

**विज्ञानकथामा यन्त्रमानव प्रयोगको चित्रण**

कम्प्युटर प्रणालीद्वारा सञ्चालन हुने मान्छेको जस्तै आकारको यन्त्रलाई यन्त्रमानव भनिन्छ । विज्ञानप्रविधिका क्षेत्रमा पछिल्लो समयमा निकै प्रचलनमा आएको यन्त्रमानवलाई अङ्ग्रेजीमा रोबोर्ट भनिन्छ । कम्प्युटरबाट प्रतिपादित पद्धतिअनुरूप चल्ने र जटिल कामहरू पनि सजिलै गर्न सक्ने मानव आकारको यन्त्रमानवलाई रोबोर्ट भनेर चिनिन्छ । प्रस्तुत *नेपाली विज्ञान-कथासङ्ग्रह*मा सङ्कलित कथाहरूमध्ये केही कथामा यन्त्रमानवको प्रयोगको चित्रण गरिएको छ र यसलाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ । वैज्ञानिकहरूले आविष्कार गरेको यन्त्रमानव मान्छेकै सुख, सुविधा र सहयोगका लागि भए पनि कतिपय अवस्थामा यी संवेदनाशून्य र प्रविधिबाट चल्ने मानवयन्त्रले अकल्पनीय विनाशसमेत गर्ने सम्भावनालाई यस सङ्ग्रहका केही कथाहरूमा प्रस्तुत गरिएका छन् । यहाँ तिनै विषयमा आधारित भएर लेखिएका केही कथाहरूलाई चयन गरी तिनका साक्ष्यका आधारमा विश्लेषण गरिएको छ । यस्तै यन्त्रमानव अर्थात् रोबोर्टबाट घटेको अकल्पनीय घटनालाई प्रस्तुत गरिएको कथाको एउटा अंश यसप्रकार छ :

> रञ्जुको वाक्य पूरा हुँदानहुँदै 'कोठा' मेसिनको ठूलो ढोका खुल्यो र एउटा भीमकाय रोबर्ट हातमा चाँदीको बट्टा लिएर रञ्जुको अगाडि आयो । रञ्जु सुरुमा त झस्किन् पनि तर एकैछिनमा सम्हालिँदै पनि थिइन् । रोबर्टले चाँदीको बट्टा खोलेर रञ्जुको सिउँदोमा रातो सिन्दूर हालिदियो र बट्टा बन्द गरेर रञ्जुलाई बोक्यो । रञ्जु केही बोल्न खोज्दै थिइन् ...सायद चिच्याउन, तर डर र त्रासले गर्दा उनको स्वर नै बाहिर निस्किएन ।
>
> रोबर्ट रञ्जुलाई लिएर भित्र पस्यो र ढोका लगायो । बाहिर फोटोग्राफरहरू फोटो खिच्दै थिए, पत्रकारहरू समाचार टिप्दै थिए... वैज्ञानिकहरू अगाडि बढेर ढोका खोल्न खोज्दै थिए..."के यस्तो आश्चर्य ! के यस्तो आश्चर्य !!" भन्दै त्यो कोठालाई चारैतिरबाट ठटाउँदै थिए । चारैतिरबाट घण्टौं हिर्काएपछि सायद मेसिन कोठाले सहन सकेनछ क्यार, कोठाभित्र ठूलो आवाज आयो र एक्कासि आकाशतिर आकासियो र हेर्दाहेर्दै विलीन भयो । उपस्थित सम्पूर्ण मानिसहरू अवाक् हेरिरहे । (अमोददेव भट्टराई, 'सिर्जना र दृष्टि', पृ. ९३)

अमोददेव भट्टराईको 'सृजना र दृष्टि' शीर्षकको कथाबाट साभार गरिएको प्रस्तुत कथांशमा यन्त्रमानव र त्यसको रहस्यमयी कामलाई चित्रण गरिएको छ । वैज्ञानिक कात्सुहीकोले कोठाजत्रै ठुलो एउटा यन्त्र बनाएका र त्यस यन्त्रका अगाडि गएर जोकोहीले आफ्नो जिज्ञासा वा आवश्यकता बतायो भने यन्त्रमानवले त्यसको समाधान तुरुन्तै गरिदिने हुनाले त्यहाँ पुगेर यन्त्रमानवलाई भेट्ने र प्रश्न सोध्ने अवसर कमैले मात्र पाउँथे भन्ने कुरा यहाँ देखाइएको छ । यसै क्रममा नेपालकी रञ्जु नेपालीलाई त्यो यन्त्रमानवलाई भेटेर आफ्नो समस्या र आवश्यकताबारे बताउने रहर जागेको, ऊ नराम्री भएकाले विवाह नभएको, ऊ सो यन्त्रमानवलाई आफूलाई विवाह गर्न रहर भएको र यसका लागि योग्य मान्छे नपाएको कुरा बताउँछे । यहाँ रञ्जुले आफ्नो जीवनसाथी खोजिदिन भनेपछि रञ्जुका लागि योग्य जीवनसाथी आफूहरूसँगै भएको कुरा यन्त्रमानवले बताउँदै गर्दाको प्रसङ्ग आएको छ । रञ्जुको आग्रह सुन्नासाथै 'कोठा' नाम गरेको त्यो मेसिनको ठूलो ढोका खुल्छ र एउटा

भीमकाय रोबोर्ट हातमा चाँदीको बट्टा लिएर रञ्जुका अगाडि आउँछ । रोबोर्टलाई त्यस अवस्थामा आफ्नो सामु देखेपछि रञ्जु सुरुमा त झस्किन्छे र सम्हालिने कोसिस गर्छे । यत्तिकैमा रोबर्टले चाँदीको बट्टा खोलेर रञ्जुको सिउँदोमा रातो सिन्दूर हालिदिन्छ र बट्टा बन्द गरेर रञ्जुलाई बोक्छ । यो अकल्पनीय दृश्य हुन्छ देख्नेहरूका लागि पनि त्यसैले त्यहाँ असहज स्थिति रहन्छ। रञ्जुले केही बोल्न चिच्याउन खोजे पनि डर र त्रासले गर्दा उसको स्वर नै बाहिर निस्किन सक्दैन। यत्तिकैमा रोबोर्ट रञ्जुलाई लिएर भित्र पस्छ र ढोका लगाउँछ। बाहिर बसेर फोटो खिच्दै गरेका फोटोग्राफरहरू, समाचार टिप्दै गरेका पत्रकारहरू त्यहाँ भएका वैज्ञानिकहरू सबै अगाडि बढेर ढोका खोल्न खोज्छन्। "के यस्तो आश्चर्य ! के यस्तो आश्चर्य ‼" भन्दै सबैजनाले त्यस कोठालाई चारैतिरबाट ठटाउँदै हुन्छन् तर ढोका खुल्दैन र रञ्जुको आवाज पनि सुनिँदैन। चारैतिरबाट घण्टौँ हिर्काएपछि बल्ल मेसिन कोठाभित्र ठूलो आवाज आउँछ र एक्कासि त्यो रोबोर्ट आकाशतिर आकासिन्छ। यसरी सबैले हेर्दाहेर्दै त्यो यन्त्र रञ्जुसहित विलीन हुन्छ र उपस्थित सम्पूर्ण मानिसहरू अवाक् हेरिरहन्छन्। यस कथांशमा यन्त्रमानव मानवजातिका लागि जति उपयोगी छ त्यत्तिकै रहस्यपूर्ण र खतराजनक पनि छ भन्ने कुरालाई देखाइएको छ र यन्त्रमानव विकासका लागि मात्र नभएर विनाशका लागि पनि उत्तिकै उत्तरदायी हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ। यस्तै यन्त्रमानव र यसका चुनौतीहरूलाई प्रस्तुत गरिएको अर्को कथांश यसप्रकार छ :

> रोबोर्ट चर्को स्वरमा बोलेको कुरा सुनेर त्यस व्यक्तिले रोबोर्टलाई धकेलेर लडाइदिन्छ। रोबोर्ट लडेको देखेर अघिका ती जुडो करातेवाला रोबोटहरू अगाडि आउँछन् र केही निम्तारुहरूलाई मर्ने गरी हिर्काउँछन् । हेर्दाहेर्दै वातावरण खतरनाक हुन्छ। वातावरण अझ खतरनाक हुने देखि एउटा व्यक्ति हत्तपत्त कन्ट्रोल रुममा गएर रिमोट कन्ट्रोल बन्द गरिदिन्छ। त्यसपछि सबै रोबोट निर्जीव हुन्छन् र रोबोटको मानवीय अस्तित्व त्यही समाप्त हुन्छ।
>
> (रमेश खनाल, 'रोबोटको मानवीय अस्तित्व', पृ.१४४ ।)

रमेश खनालको 'रोबोटको मानवीय अस्तित्व' शीर्षकको कथाबाट साभार गरिएको प्रस्तुत काथांशमा मान्छेले बनाएको मानव अर्थात् यन्त्रमानवको चित्रण गर्नुका साथै यसबाट हुनसक्ने सम्भावित खतरालाई पनि देखाइएको छ । यस कथामा होटेल डेला अन्नपूर्णमा रोबोटहरूले पाटी राखेका छन् र त्यहाँ विभिन्न क्षेत्रका मानिसहरूलाई बोलाइएको छ । यस पाटीमा रोबोटहरूको निकै सक्रियता देखिन्छ । रोबोटहरू कोही गेटमा बसेर स्वागत गरिरहेका हुन्छन्, कोही आगन्तुकहरूलाई रमाइलो गराइरहेका हुन्छन् । रोबोटको मानवीय अस्तित्वबोध गराउने उद्देश्यले रोबोटहरूले नै नेपालमा पहिलोपटक आयोजना गरेको यस पाटीमा रोबोटले एकजनासँग के म तपाईंकी श्रीमतीसँग नाच्न सक्छु भनेर प्रस्ताव गरेपछि त्यो व्यक्तिले इन्कार गरेको रयसले रोबोटलाई नराम्रो लागेको कुरा देखाइएको छ। त्यसपछि उसले आफूलाई अपमान गरेको ठानेको, उसले मानिससँग प्रतिवाद गर्न थालेको र यसरी रोबोट चर्को स्वरमा बोलेको कुरा सुनेर त्यस व्यक्तिले रोबोटलाई धकेलेर लडाइदिएकोजस्ता घटना यहाँ देखिन्छन् । यसपछि पार्टीको माहोल अलि तनावग्रस्त बनेपछि रोबोट लडेको देखेर आआफ्ना काममा खटिएका ती जुडो करातेवाला रोबोटहरू अगाडि आउँछन् र केही पाहुनाहरूलाई मर्नेगरी हिर्काउँछन् । हेर्दाहेर्दै वातावरण खतरनाक भएको र यसभन्दा बढी खतरनाक नहोस् भन्ने उद्देश्यले एउटा व्यक्ति हत्तपत्त कन्ट्रोल रुममा गएर रिमोट कन्ट्रोल बन्द गरिदिएपछि आयोजकका रूपमा रहेका सबै रोबोटहरू निर्जीव भएको कुरा यहाँ देखाइएको छ। यसरी रिमोटका माध्यमबाट रोबोटको मानवीय अस्तित्व नै त्यही समाप्त हुन्छ। यसरी यस कथांशमा एकातिर मानिसले नै बनाएका यन्त्रमानव अर्थात् रोबोट मानिसकै लागि पनि कुनै न कुनै समय घातक हुने सम्भावनालाई देखाइएको छ भने अर्कातिर रोबोटको अस्तित्व केवल मानिसको हातमा हुनेभएकाले यिनीहरूबाट डराइहाल्नुपर्ने र यिनीहरूको उपस्थितिलाई निषेध नै गरिहाल्नुपर्ने अवस्था छैन भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको छ। यस्तै विषयसन्दर्भ प्रस्तुत गरिएको अर्को कथांश यसप्रकार छः

> हो, अहिले त्यो रोबोट 'एक्स' मतिर सरासर आउँदैछ। उसलाई मैले निस्तेज गर्न कम्प्युटर चलाइरहेको छु। हातको

औँलामा जडेको अँगुठीरूपी कम्प्युटरबाट समेत रोबोट 'एक्स'को खुट्टामा प्राविधिक गडबडी गराउन शून्यमार्फत सङ्केत फ्याँक्छु। तर, अहँ केहीअसर गर्दैन। ऊ आइरहेको छ।...मेरै छेउमा आइपुग्यो। मैले उसलाई हेर्दैछु, र डायरी पनि लेख्दैछु। दुई मिटरको दुरीमा ऊ उभियो। उसले सङ्केत दियो- 'म तिमीसँग ज्यादै रिसाएको छु।' औँलामा गाँसिएको कम्प्युटर मार्फत् सोर्धें- किन ?

'तिम्रो अन्त्य गर्नुपर्‍यो।' उसले सङ्केत दियो। मलाई एक खालको डर पनि लाग्दैछ र आश्चर्य पनि लाग्यो। मलाई रिस उठ्यो- आफैँले बनाएको पाजी रोबोटले मैसँग निहु खोज्छ।

(गोविन्दप्रसाद कुसुम, 'वैज्ञानिक १३६ 'ए'को डायरी', पृ. ११८।)

गोविन्दप्रसाद कुसुमद्वारा लेखिएको *वैज्ञानिक १३६ 'ए'को डायरी* शीर्षकको कथाबाट साभार गरिएको यस कथांशमा यन्त्रमानवलाई नै विषय बनाएर प्रस्तुत गरिएको छ। आजभन्दा करिब दुईहजार छसय वर्षपछिको समयलाई परिकल्पना गरेर लेखिएको प्रस्तुत कथा डायरी लेखनको शैलीमा लेखिएको छ। चन्द्रमाको बस्तीबाट लेखिएको यस डायरीमा वैज्ञानिक १३६ 'ए' अर्थात् म पात्रका साथीहरू पनि रोबोटहरू नै छन्। म पात्रले आफ्नो अध्ययन र अनुसन्धानबाट नयाँ केही कुरा पत्ता लगाउन थालेपछि उसको कम्प्युटर सिस्टममा गडबड भएको र रोबोट साथीहरूले रिसाएजस्तो व्यवहार देखाउने सन्दर्भसँगै माथि उद्धृत भनाइ आएको हो। यसपटक पनि त्यो रोबोट 'एक्स' आफैँतिर सरासर आउँदै गरेको म पात्रले देख्छ। रिसाएको रोबोटलाई निस्तेज गर्न कम्प्युटर चलाइरहेको म पात्रले हातको औँलामा जडेको अँगुठीरूपी कम्प्युटरबाट समेत रोबोट ' एक्स'को खुट्टामा प्राविधिक गडबडी गराउन चाहन्छ र उसले शून्यमार्फत त्यसतर्फ सङ्केत फ्याँक्छ, तर उसको सारा प्रयासले केही असर गर्दैन। आफ्नै छेउमा आइरहेको रोबोटलाई म पात्रले निरीह भएर हेरिरहेको छ र यो सबै दृश्यको वर्णन गरेर डायरी पनि लेख्दै गरेको घटना यस कथांशमा वर्णन गरिएको छ। करिब दुई मिटरको दुरीमा उभिएर आफैँले बनाएको रोबोटले म पात्रलाई 'म तिमीसँग ज्यादै रिसाएको छु।' भन्ने सङ्केत दिन्छ। औलामा गाँसिएको कम्प्युटर मार्फत् म पात्रले किन ? भन्ने प्रश्न सोधेर नसक्दै रोबोटले 'तिम्रो अन्त्य गर्नुपर्‍यो।' भन्ने सङ्केत दिएपछि म पात्रलाई एक खालको डर पनि र आश्चर्य पनि लाग्छ र उसलाई रिस उठ्छ। आफैँले बनाएको पाजी रोबोटले मैसँग निहु खोज्छ भन्ने सोच्दासोच्दै वैज्ञानिक १३६ ए लाई रोबट एक्सले आक्रमण गरेका घटनासन्दर्भ यहाँ आएका छन्। यसरी यस कथांशमा वैज्ञानिकहरूले आफ्नो सुरक्षा र सुविधाका लागि आफैँले बनाएका यन्त्रमानवहरूबाट आफै सुरक्षित नहुने सम्भावना पनि रहेको हुन्छ भन्ने विषय प्रस्तुत गरिएको छ। यन्त्रमानवहरूमा संवेदना कम हुनेभएकाले यस्तो घटना यथार्थमा घटेको नपाइए पनि कथाकारले सम्भाव्यतालाई औँल्याउँदै घट्नसक्ने परिस्थितिका कल्पना गरेर प्रस्तुत कथा तयार पारेको देखिन्छ।

**विज्ञानकथामा मानव यन्त्रमानव बन्दै गएको स्थितिको चित्रण**

प्रस्तुत विज्ञान-कथासङ्ग्रहका कतिपय कथामा यन्त्रमानवको आविष्कार, यन्त्रमानवसँगको सान्निध्यता र यन्त्रमानवको उपस्थितिले बदलिएको आजको मानिसको जीवनशैलीलाई हेर्दा मान्छे पनि क्रमशः यन्त्रमानवजस्तै संवेदनाहीन बन्दै गइरहेको यथार्थलाई देखाइएको छ। यसरी मानव संवेदनाशून्य हुँदै जाने र यान्त्रिक बन्दै जाने हो भने केही वर्षपछि मान्छे पनि यन्त्रजस्तै शुष्क बन्नेछन् र आजका संवेदनायुक्त मान्छेको इतिहास एकादेशको कथाजस्तै बन्नेछ भन्ने सन्दर्भलाई यस सङ्ग्रहका केही कथामा प्रस्तुत गरिएको छ। विज्ञानका नयाँनयाँ आविष्कारले मानिसलाई सुखी बनाए पनि उसबाट कतिपय मानवीय गुणहरू हराउँदै जाने र ऊ पनि एउटा रोबोटमै परिणत हुनै सम्भावित खतरालाई विषयवस्तु बनाएर लेखिएका कथाहरूमध्ये तल एउटा कथाको अंश प्रस्तुत गरिएको छ :

"थाहा छ माया ! तिमीलाई कि तिनताक स्त्रीले पेटमा बच्चा हुर्काउँथे। र आफ्नै घरमा जन्माउँथे।" मायालाई उसको अगाडि कसैले स्वर्गको कुनै देवदेवीको जीवनचर्या वर्णन गरेजस्तो लाग्यो।

...एलिजा भन्दै थिई- 'आफ्नै शरीरको अङ्ग काँचको भाडामा जिउँदो चलमलाइरहेको देख्दा मलाई कस्तोकस्तो अनुभव भयो । अब एक महिनाभर त मेरो पहिलो पुत्र पनि हुन्छ, यस्तो पुत्र जसको प्रसवमा आमालाई कुनै वेदना व्यथा हुने छैन र साथै कुनै प्रेम पनि । यस्तो पुत्र, जसकी आमालाई आफ्नो पुत्रको पिताको ज्ञान नै हुनेछैन ।'

(शङ्कर लामिछाने, 'माया नं. ६५३', पृ ४६ ।)

प्रस्तुत 'माया नं. ६५३' शीर्षकको कथाबाट साभार गरिएको यस कथांशमा कथाकारले करिब सयवर्षपछिको समयमा वैज्ञानिक आविष्कारले गर्दै गएको सफलता र यसबाट परिवर्तन हुँदै गएको मानवीय जीवनशैलीको कल्पना गरेर सम्भावित यथार्थलाई विषय बनाएका छन् । यस कथामा वैज्ञानिक आविष्कारले मानिसलाई यति सुविधाभोगी बनाएर नियन्त्रित गर्ने छ कि, कुनै पनि सन्तान आमाको गर्भमा नभई प्रयोगशालामा उत्पादन हुनेछन् र तिनको डाटा र परिचय कम्प्युटरमा सुरक्षित हुनेछ भन्ने सन्दर्भलाई दुई महिला पात्रको संवादबाट प्रस्तुत गरिएको छ । यस कथांशमा माया र एलिजा नामका दुई पात्र छन् । उनीहरूले गरेका संवादले विज्ञानले कसरी मान्छेलाई यन्त्रमानवजस्तै बनाउँदै लगेको छ भन्ने कुरालाई देखाएको छ । मायाले एलिजालाई कुनै एकादेशको कथा सुनाएझैँ तिमीलाई तिनताक स्त्रीले पेटमा बच्चा हुर्काउँथे र आफ्नै घरमा जन्माउँथे भन्ने कुरा थाहा छ ? भनेर सोधेपश्चात् यो कुरा सुनेपछि मायालाई उसका अगाडि कसैले स्वर्गको कुनै देवदेवीको जीवनचर्या वर्णन गरेजस्तो लाग्छ । एलिजा आफै पनि केही महिनापछि पहिलो पुत्रको आमा बन्दैथिई । त्यसैले यो कुराले ऊ केही गम्भीर पनि थिई र आफ्नै शरीरको अङ्ग काँचको भाडामा जिउँदो चलमलाइरहेको देख्दा आफूलाई कस्तोकस्तो अनुभव भएको कुरा बताउँदै उसले अब एक महिनाभर त उसको पहिलो पुत्रको सन्दर्भ पनि यहाँ व्यक्त गरिएको छ । सन्तान उत्पादन हुने प्रयोगशालामा तयार भएको पुत्रको प्रसवमा आमालाई कुनै वेदना व्यथा नहुने र कुनै विशेष प्रेम पनि हुनेछैन भन्दै आमालाई आफ्नो पुत्रको पिताको ज्ञान नै नहुने स्थितिको चित्रण पनि यस कथांशमा प्रस्तुत गरिएको छ । विज्ञानले आविष्कार गरेका संसाधनहरूको प्रयोगबाट मान्छे एकदिन यस्तो बन्नेछ कि ऊ स्वयम् नै यन्त्रमानवमा बदलिनेछ भन्ने सम्भावित यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ र यसबाट यही कुरा पुष्टि हुन्छ । यस्तै मान्छे क्रमशः यन्त्र बन्दैगएको सन्दर्भलाई विषय बनाएर लेखिएको अर्को कथांश यसप्रकार छ :

उसले खालि लामो सास फेरेर उत्तर दियो - 'यही त विचित्र छ । यहाँ सब स्वचालित यन्त्रहरूले काम गर्छन्, उत्पादन गर्छन्, नष्ट गरिदिन्छन् र फेरि निर्माण गर्दछन् । यहाँ यसको उपभोगका निमित्त कोही छैन ।तपाईँ हेर्नुस् यो पुल संसारमा सबभन्दा लामो छ, यसको निर्माण हप्ता दिनमा भएको हो । यो खानी हो फलामको, यसको उत्पादन लाखौँ टन छ । यो हो कागजको मिल । यसले गरेको छ उत्पादनले पृथ्वीभरको मानिसलाई दस वर्षलाई पुग्दछ, यत्रो यसको उत्पादकत्व छ ।.... अहिले म पहाड, खोलानाला, फ्याक्ट्री जतातते जान्छु । सुनसान देख्तछु । यन्त्रहरू काम गरिरहेका हुन्छन् । उत्पादन भइरहेको हुन्छ, फलफूलहरूको पैरो लाग्छ, अन्नको पहाड बन्छ, मासुहरू ढिस्को बन्छ- तर खाने कोही छैनन् । लत्ताकपडा सब बुनिएका छन् तर लाउने खोई ? हो मानिसबिना मेरो मन पनि यन्त्रजस्तो भइसकेको छ, यन्त्रजस्तो ! मेरो सानो काखको बच्चा धुवाँ भयो । यही मात्र मलाई अचेल सम्झना हुन्छ । म यन्त्र ।'

(विजय मल्ल, 'प्रवेश निषिद्ध देश', पृ. ५१ ।)

विजय मल्लको 'प्रवेश निषिद्ध देश' शीर्षकको कथाबाट साभार गरिएको प्रस्तुत कथांशमा यन्त्रले बनेको संसारको चित्रण गरिएको छ । यहाँ यन्त्रको सङ्गत र यन्त्रसँग अभिन्न भएर जोडिएको जीवनशैलीका कारण मानिस नै स्वयम् यन्त्रमा परिणत भएको कुरालाई प्रभावकारी रूपमा देखाइएको छ । यस कथांशमा प्रस्तुत गरिएको ऊ पात्रको अभिव्यक्तिले आफ्नै परिवार र आफन्तहरूको विनाश गर्ने यन्त्रलाई समेत घृणा गर्न नसकेको र उसँग टाढिन नसकेको ऊ स्वयम् पनि यन्त्र नै बनिसकेको कुरालाई पुष्टि गरेको छ । यस कथामा कथाकारले एउटा प्रवेशनिषिद्ध देशको परिकल्पना गरेको र त्यो देश एकदम विकसित भएको, त्यहाँ केवल एकजना मानिसको मात्र उपस्थिति भएको र अरू सबै रोबोट मात्रै भएको कुरा देखाउँदै

रोबोट अर्थात् स्वचालित यन्त्रहरूले काम गर्छन्, उत्पादन गर्छन्, नष्ट गरिदिन्छन् र फेरि निर्माण गर्ने काम गर्दछन् र यतिसम्म कि, त्यहाँ उत्पादन भएका वस्तु तथा खाद्यान्नको उपभोगका निमित्त समेत कोही नभएको कुरा प्रस्तुत गरिएको छ। त्यहाँ बनाइएका पुलहरू संसारमा सबभन्दा लामो भएको, त्यसको निर्माण यन्त्रहरूले हप्ता दिनमा नै गरिदिएको, खानीबाट लाखौँ टन फलामको उत्पादन भएको, कागज कारखानाले गरेको उत्पादनले पृथ्वीभरका मानिसलाई प्रयोग गर्नका लागि दशवर्षलाई पुग्ने तर त्यहाँ यन्त्रबाहेक अरू कोही नभएको बताउने ऊ पात्र आफू पनि यन्त्रजस्तै बनेको कुरा स्वीकार गरेको घटना पनि यहाँ व्यक्त भएको छ। उसले यस कथांशमा वर्णन गरेका पहाड, खोलानाला, फ्याक्ट्री जताततै म जान्छु, सुनसान देख्तछु र यन्त्रहरू काम गरिरहेका हुन्छन्। उत्पादन भइरहेको हुन्छ, फलफूलहरूको पैरो लाग्छ, अन्नको पहाड बन्छ, मासुहरू ढिस्को बन्छ- तर खाने कोही छैनन्, लत्ताकपडा सब बुनिएका छन् तर लाउने कोही छैनन् भन्दै रहस्यमय परिवेशको चित्रण पनि यहाँ गरिएको छ। यसै क्रममा उसले 'हो मानिसबिना मेरो मन पनि यन्त्रजस्तो भइसकेको छ, यन्त्रजस्तो ! मेरो सानो काखको बच्चा धुवाँ भयो। यही मात्र मलाई अचेल सम्झना हुन्छ। म यन्त्र।' भन्ने अभिव्यक्ति दिएको छ यसले मानिस अब बरु ऊ आफ्ना संवेदनालाई मार्न तयार हुने, मान्छेलाई प्रवेश निषेध गर्न तयार हुने तर यन्त्रबाट टाढा रहेर बाँच्न तयार नहुने अवस्थामा पुगिसकेको कुरा प्रस्तुत गरिएको छ। यसरी मानिस विस्तारै मानवीय गुणबाट पलायन हुँदै यान्त्रिक जीवनतिर गइरहेको यथार्थलाई यस कथांशमा देखाइएको छ। यस्तै सन्दर्भ आएको अर्को कथांश यसप्रकार छ :

> 'म सत्य भन्दै छु। मेरो शरीर विद्युत्-चुम्बकीय तारहरू, कन्डक्टरहरू, कन्डेन्सरहरू, फोटोसेलहरू, फोटो रिसेप्टरहरू, सिन्थेटिक छालाहरू र सिलिकन माइक्रोचिमहरूले निर्मित भएको छ। मेरो मोजिट्रोनिक मस्तिष्क परिपथको स्मृतिखण्डमा सुरक्षित भाषा, ज्ञान र व्यवहार-निर्देशबमोजिम म क्रिया-प्रतिक्रियाहरू गर्ने गर्छु। हेर न डार्लिङ।' दुलाहाले सुहागरातमा कमिज फुकाल्नेछ अनि छातीको सिन्टेथिक छाला सोहोरेर काखीकाखीसम्म पुऱ्याउनेछ। दुलहीका विस्मय विस्फारित आँखाले दुलाहाको छातीभित्र अग्निप्रज्वलित तारैतारका बहुरङ्गी जन्जाल मात्रै देख्नेछे।
>
> (सरुभक्त, 'एउटा प्रेमको कथा जुन घटित भएको छैन', पृ.६५।)

कथाकार सरुभक्तद्वारा लेखिएको 'एउटा प्रेमको कथा जुन घटित भएको छैन' शीर्षकको कथाबाट साभार गरिएको प्रस्तुत कथांशमा एउटा असफल प्रेमीको कल्पनालाई प्रस्तुत गरिएको छ। भविष्यत् कालमा लेखिएको यस कथामा नराम्रो अनुहार परेको भएर प्रेमिकाले उपेक्षा गरेपछि प्रेमी अर्थात् युवकको हृदयमा गहिरो चोट परेको, पवित्र प्रेमलाई भन्दा बाहिरी रूप र अनुहारको सुन्दरतालाई महत्त्व दिने प्रेमिकाप्रति युवकको मनमा बदलाको विचार आएको र उसले यन्त्रमानवलाई सुन्दर युवक बनाएर प्रस्तुत गरेको कुरा यहाँ देखाइएको छ। बाहिरबाट देख्दा अत्यन्त सुन्दर र आकर्षक देखिने यन्त्रमानवलाई देखेपछि युवती निकट हुनु, उनीहरूको प्रेम हुनु, एकदिन विवाह पनि हुनुलगायतका कुरा र विवाह भएको दिनको सुहागरातको समयको परिदृश्यको वर्णन माथिको कथांशमा गरिएको छ। विवाहको दिन सुहागरातमा दुलाहाले कमिज फुकालेपछि उसले आफ्नो छातीको सिन्टेथिक छाला सोहोरेर काखीकाखीसम्म पुऱ्याउँदै गर्दाको अवस्थाको चित्रण गरिएको यस कथांशमा दुलहीका विस्मय विस्फारित आँखाले दुलाहाको छातीभित्र अग्निप्रज्वलित तारैतारका बहुरङ्गी जञ्जाल मात्रै देखेको घटनाको चरम रूपलाई यहाँ प्रस्तुत गरिएको छ। यहाँ दुलाहा बनेको सुन्दर युवक अर्थात् रोबोर्टले भनेको कुराले यन्त्रमानवका विशेषतालाई वर्णन गरेको देखिन्छ। यहाँ उसले भनेको'मेरो शरीर विद्युत्-चुम्बकीय तारहरू, कन्डक्टरहरू, कन्डेन्सरहरू, फोटोसेलहरू, फोटो रिसेप्टरहरू, सिन्थेटिक छालाहरू र सिलिकन माइक्रोचिमहरूले निर्मित भएको छ। मेरो मोजिट्रोनिक मस्तिष्क परिपथको स्मृतिखण्डमा सुरक्षित भाषा, ज्ञान र व्यवहार-निर्देशबमोजिम म क्रिया-प्रतिक्रियाहरू गर्नेगर्छु। हेर न डार्लिङ' भन्ने अभिव्यक्तिबाट अब सुन्दर पुरुषको आवश्यकतालाई एउटा यन्त्रमानवले पनि परिपूर्ति गर्नसक्ने क्षमता राख्नसक्छ भन्ने काल्पनिक यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ। यस्तै सन्दर्भ आएको अर्को कथांश यसप्रकार छ :

आफ्ना पुर्खाको जीवन इन्टरनेटबाट  हेरेदेखि नै उसको मन आज निकै उद्विग्न भएको छ। घर घरजस्तो नलागेर

> बन्दीगृहको यातानाकक्षजस्तो लाग्न थालेको छ उसलाई । मानिस भनिने ऊ मानिसको सम्पर्क र संसर्गका लागि छटपटिएर पनि त्यो सम्पर्क र संसर्ग पाउन सक्दैन । विज्ञान सिर्जित कृत्रिमतामा आकण्ठ ढाकिएर ऊ स्वयम् विज्ञानयन्त्रको एउटा पुर्जाको कठपुतली बनेको छ । कहाँ छ उभित्र मानिस ? लाग्छ- यो आइकम्प्युटरलाई, कोठाको मास्टर कम्प्युटरलाई र गोजी कम्प्युटर सबैलाई मिल्काइदिऊँ र चकनाचुर हुने गरी धुलोधुलो बनाईदिऊँ । उसलाई लाग्छ- यो मायानगरीबाट भागेर टाढा जाउँ र यो एक्लो कैदी जीवनबाट मुक्ति पाऊँ । बाजेबराजुको त्यो जीवनमा फर्कन पाए ऊ कति खुसी हुने थियो । तर के गर्नु , त्यो सम्भव नै छैन । उसलाई थाहा छ, यो चक्रव्यूहको भुलभुलैयाबाट उम्कने कुनै उपाय नै छैन । यान्त्रिक शून्यताको मृत्युमा पुग्ने क्षण पलपल उसको नजिकै आइरहेको छ र ऊ चिन्तामुक्त भएर त्यसबाट बच्ने प्रयासमा पूर्णतः असफल बनिरहेको छ। त्यसैले ऊ आफूलाई यन्त्रकै कैदको नियतिमा छाडिदिन्छ। (विजय चालिसे, 'विज्ञानको कैदी', पृ.९०)

विजय चालिसेको 'विज्ञानको कैदी' शीर्षकको कथाबाट साभार गरिएको प्रस्तुत कथांशमा विज्ञानप्रविधिले सृजना गरेको यान्त्रिक संसारमा यन्त्रजस्तै जीवन बाँच्न बाध्य भएको मान्छेको पीडालाई प्रस्तुत गरिएको छ । यान्त्रिक सुविधाहरू जब मानिसका लागि आदत बन्दछन् तब ऊ त्यसबाट उम्कन नै सक्दैन र बिस्तारै त्यसमा फस्दैजान्छ भन्ने कुरा माथिको कथांशमा प्रस्तुत गरिएको छ । यहाँ आविष्कार नाम गरेको पात्रको जीवनशैली र यान्त्रिक जीवनबाट यन्त्रजस्तै संवेदनाशून्य भएको स्थितिको चित्रण गरिएको छ । उसले आाफ्ना पुर्खाको जीवन इन्टरनेटबाट  हेरेदेखि नै उसको मन उद्विग्न भएको र घर घरजस्तो नलागेर बन्दीगृहको यातानाकक्षजस्तो लाग्न थालेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस कथांशमा ऊ आफैँ मानिस भएर मानिसको सम्पर्क र संसर्गका लागि छटपटिएको र यन्त्रको बीचमा एक्लो भएको, विज्ञान सिर्जित कृत्रिमतामा ढाकिएर विज्ञानयन्त्रको एउटा पुर्जाको कठपुतली बनेको उसलाई अगाडिको आइकम्प्युटर, कोठाको मास्टर कम्प्युटर र गोजी कम्प्युटर सबै मिल्काइदिऊँ र चकनाचुर हुने गरी धुलोधुलो बनाइदिऊँजस्तो लागेको तथा यी यन्त्रका चक्रव्यूहको भुलभुलैयाबाट उम्कने कुनै उपाय नपाएको उसलाई  यान्त्रिक शून्यताले डसिरहेको आदि सन्दर्भ पनि यस कथांशमा आएका छन् । यस मायानगरीबाट भागेर टाढा जान रएक्लो कैदी जीवनबाट मुक्ति पाउन चाहने ऊ फेरि बाजेबराजुको जीवनशैलीमा फर्कन चाहेको  तर त्यो सम्भव नै नभएको पनि उसलाई आभास भएको कुरा प्रस्तुत गर्दै यसरी यस कथांशमा यान्त्रिकजीवनमा फसिसकेका आजका मान्छे पनि यस कथांशको पात्रको आविष्कारभैँ संवेदनाशून्य हुँदैगएको, यसबाट निस्कन पूर्णतः असफल बनिरहेको र आफूलाई यन्त्रकै कैदको नियतिमा छाडिदिन बाध्य भएको यथार्थलाई प्रस्तुत गरिएको छ । यसरी यस कथांशले यन्त्रको व्यापक प्रयोग र उपभोगले मान्छे पनि यन्त्रकै अभिन्न बन्न पुगेको र यान्त्रिक बनेको सन्दर्भलाई अभिव्यक्त गरिएको छ ।

**निष्कर्ष**

विज्ञानप्रविधि अन्तर्विषय बनेर आएका कथालाई  विज्ञानकथा भनिन्छ । संज्ञान तथा सम्भावनाका बिचका अन्तर्क्रियाबाट यस्ता कथाको सृजना हुन्छ र विज्ञानकथामा विज्ञानपरक स्वैरकल्पनाको प्रयोग भए पनि यसको मूल आधार भने वैज्ञानिक मान्यताहरू नै हुन् । विज्ञानकथाले विज्ञानका आविष्कार, यसको विकास, अन्तरीक्षका सन्दर्भ, मानवेतर क्रृत्रिम जीव, अन्तर्ग्रहीय अवस्था आदिलाई देखाउँछ । यसर्थ विज्ञानप्रविधिलाई मूलविषय बनाइनु र यन्त्रमानवका कार्यव्यापारको चित्रण गरिनु, मानवीय संवेदना र अनुभूतिभन्दा पनि यान्त्रिकतालाई आधार बनाउनु विज्ञानकथाका मुख्य अभिलक्षण हुन् । नेपाली कथाको इतिहासमा शङ्कर लामिछानेको 'ऊ कसको हो ?' (२०११) कथादेखि आरम्भ भएको विज्ञानकथालेखन परम्पराले सातदशक पूरा गरेको छ र यस अवधिमा धेरै विज्ञानकथाहरू लेखिएका छन् तापनि विज्ञानकथाको सामूहिक कथासङ्ग्रहका रूपमा भने सुनिल पोखरेलद्वारा सम्पादित *नेपाली- विज्ञानकथासङ्ग्रह* (२०६७) प्रकाशनमा आएको छ । यस

सङ्ग्रहमा विज्ञानविषयक एक्काइस कथा सङ्गृहीत छन् । यी कथाहरूमध्ये विज्ञानकथामा यन्त्रमानवको प्रयोगको चित्रणका दृष्टिलेअमोददेव भट्टराईको'सिर्जना र दृष्टि', रमेश खनालको 'रोबोटको मानवीय अस्तित्व', गोविन्दप्रसाद कुसुमको 'वैज्ञानिक १३६ 'ए'को डायरी' जस्ता कथाहरू बढी प्रभावपूर्ण छन् र यी कथा आजको विज्ञानकथाका मानक नमुना हुन् । यन्त्रमानवको प्रयोगको चित्रणका माध्यमबाट काल्पनिक यथार्थ प्रस्तुत गरिएका यी कथा विभिन्न रोचक र स्वैरकाल्पनिक घटनासन्दर्भका कारण प्रभावपूर्ण छन् । यसरी नै मानव यन्त्रमानव बन्दैगएको स्थितिको चित्रण भएका कथा पनि यस सङ्ग्रहमा छन् । यस्ता कथाहरूमध्ये शङ्कर लामिछानेको 'माया नं. ६५३', विजय मल्लको 'प्रवेश निषिद्ध देश', सरुभक्तको 'एउटा प्रेमको कथा जुन घटित भएको छैन' र विजय चालिसेको 'विज्ञानको कैदी' कथाहरू बढी प्रभावपूर्ण देखिन्छन् । यी कथामा आजको मानव कसरी यन्त्रमानव बन्दैगएको छ र ऊ संवेदनाशून्य हुँदैगइरहेको छ भन्ने कुरा देखाइएकाले यी कथा विज्ञानकथाका राम्रा नमुना पनि हुन् । यन्त्रमानवबाट घटेका अकल्पनीय घटनाको चित्रण, यन्त्रमानवका प्रत्युत्पादक पक्ष, वैज्ञानिकहरूले बनाएका यन्त्रमानवहरूबाट स्वयं वैज्ञानिकहरू नै असुरक्षित हुन सक्ने सन्दर्भ, यन्त्रमानवहरूमा संवेदना नहुनेहुँदा त्यसबाट घट्नसक्ने अकल्पनीय परिस्थितिका कल्पना, विज्ञानले आविष्कार गरेका यन्त्रहरूको प्रयोगका कारण नै यन्त्रमानवमा रूपान्तरण हुन सक्ने सम्भावित यथार्थ आदि विवेचित कथाका अन्तर्विषय र वस्तु हुन् । कल्पना गरिएका कुनै सुन्दर पुरुष र स्त्रीका आवश्यकतालाई पनि एउटा यन्त्रमानवले पूर्ति गर्नसक्ने क्षमता राख्नसक्छ भन्ने काल्पनिक यथार्थको अभिव्यक्तिबाट आजको मान्छे मानवीय गुणधर्मबाट यान्त्रिक गुणधर्मतिर गइरहेको यथार्थ विश्लेषित कथाहरूका मूल विचार बनेका छन् । आजको मान्छे यान्त्रिक जीवनमा फसिसकेको, असंवेदित हुँदैगएको, यान्त्रिक परिवेशबाट मुक्त हुन असफल बनिरहेको र आफूलाई यन्त्रकै अधीनमा छाडिदिन विवश भएको आदि घटनाहरू नै आजको यथार्थ हो भन्नु उपर्युक्त कथाहरूको केन्द्रीय विचार हो । विज्ञानप्रविधिलाई मान्छेले सही रूपमा प्रयोग गरेमा र त्यसको सदुपयोग गरेमा मानव र उसको समाजमा सकारात्मक प्रभाव पर्न जान्छ भने सही रूपमा प्रयोग नगरेमा र त्यसको दुरुपयोग गरेमा नकारात्मक प्रभाव पर्न जान्छ । यी कथाहरूको अध्ययन र विश्लेषणबाट यही निष्कर्ष प्राप्त हुन्छ ।

**सन्दर्भसामग्री सूची**

अधिकारी, ज्ञानु (२०७६), 'शङ्कर लामिछानेका कथाको अन्तर्विषयक पठन', *प्रज्ञा,* (पूर्णाङ्क ११७), पृ.९२-१०१ ।

एटम, नेत्र (२०७०), *अन्तर्विषयक नेपाली समालोचनाः* एकता बुक्स ।

एटम, नेत्र (२०७९), *नेपाली विज्ञानकथाको परम्पराः* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *समकालीन नेपाली कविता प्रवृत्तिः* पैरवी प्रकाशन ।

चालिसे, विजय (२०४७), *प्रयोग/प्रत्यारोपणः* साझा प्रकाशन ।

पोखरेल, सुनील (२०६७), *नेपाली-विज्ञानकथासङ्ग्रह,* (सम्पा.)ः साझा प्रकाशन ।

पौडेल, हरिहर र गौतम, लक्ष्मणप्रसाद (२०६०), *विज्ञान शब्दकोशः* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लेभिन, जर्ज (सन् १९८८), *डार्बिन एन्ड द नोभेलिस्ट्स : प्याटर्न्ज अफ साइन्स इन भिक्टोरियन फिक्सनः* हार्भर्ड युनिभर्सिटी प्रेस ।

सरुभक्त (२०४७), छोरी ब्रह्माण्ड, काठमाडौँ : भारद्वाज प्रकाशन ।

सुभिन, डार्को (सन् १९७९), *मेटामोफोर्सिस अफ साइन्स फिक्सन : अन द पोयटिक्स एन्ड हिस्ट्री अफ द लिटरेरी जोनारः* येल युनिभर्सिटी प्रेस ।